# अपि पावर कम्पनी लिमिटेड

## सञ्चालक समिति



गुरु प्रसाद न्यौपाने
अध्यक्ष



संजिव न्यौपाने
कार्यकारी सञ्चालक



महेन्द्र न्यौपाने
सञ्चालक



सतिश न्यौपाने
सञ्चालक



ईन्द्रमणि त्रिताल
सञ्चालक (सर्वसाधारण)



सृजना खड्का
सञ्चालक (सर्वसाधारण)



मधुसुदन कोइराला
कम्पनी सचिव

# अपि पावर कम्पनी लिमिटेड

## थापाथली, काठमाण्डौ

## प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री सञ्चालक समिति,
अपि पावर कम्पनी लिमिटेड,
थापाथली, काठमाण्डौ ।

**विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।**

महाशय,

..................जिल्ला..............न.पा/गा.पा./वडा नं.........बस्ने म/हामी...............ले त्यस संस्थाको शेयरधनीको हैसियतले मिति २०७७ साल मंसिर ०८ गते सोमबारका दिन हुने **१६औं तथा १७औं वार्षिक साधारण सभा**मा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ..........................जिल्ला ..............................न.पा/गा.पा./वडा नं ..................बस्ने त्यस संस्थाका शेयरधनी श्री ......................................................शेयर प्रमाणपत्र नं. .......................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

**प्रतिनिधि हुनेको**

नाम :
दस्तखत :
शेयरधनी नं./डिम्याट नं. :
शेयर संख्या :
मिति :

**प्रतिनिधि नियुक्त गर्नेको**

नाम :
दस्तखत :
शेयरधनी नं./डिम्याट नं. :
शेयर संख्या :
मिति :

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

# अपि पावर कम्पनी लिमिटेड

## थापाथली, काठमाण्डौ

## प्रवेश-पत्र

**शेयरधनीको नाम** :
**शेयरधनी नं./डिम्याट नं.** :
**कुल शेयर संख्या** :
**शेयरधनीको हस्ताक्षर** :

मधुसुदन कोइराला
**कम्पनी सचिव**
२०७७/०८/०८

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

# अपि पावर कम्पनी लिमिटेडसँग सम्बन्धित आयोजनाहरू

**कम्पनीबाट प्रवद्धित आयोजनाहरू**

1. Naugarh Gad HEP (8.5 MW)
2. Upper Naugarh Gad HEP (8MW)
3. Upper Chameliya HEP (40 MW)
4. Chandrauta Solar Project (1.5 MW)
5. Kawasoti I Solar Project (0.5 MW)
6. Bardaghat Solar Project (1 MW)
7. Kawasoti II Solar Project (1 MW)
8. Parwanipur Solar Project (8 MW)
9. Simara Solar Project (1 MW)
10. Chandranigahpur Solar Project (4 MW)
11. Dhalkebar Solar Project (1 MW)

**कम्पनीबाट लगानी भएका आयोजनाहरू**

12. Siddhakali Power Ltd., Trishuli Galchi HEP
13. Api Hydro Mechanical Limited
14. Arun Kabeli Power Ltd., Kabeli B1 HEP (25MW)



# विषय सूची


| | |
|---|---|
| १६औं तथा १७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ०१ |
| कम्पनीको परिचय | ०४ |
| अध्यक्षको मन्तब्य | ०५ |
| कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन | ०८ |
| कम्पनीको शेयरको बजार मूल्य | १० |
| कम्पनीको संचालित, निर्माणाधिन तथा भावी आयोजनाहरु | ११ |
| सञ्चालनमा रहेको नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट) का झलकहरु | १८ |
| सञ्चालनमा रहेको अप्पर नौगड गाढ जलविद्युत आयोजना (८.० मेगावाट) का झलकहरु | १९ |
| निर्माणाधीन माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट) का झलकहरु | २० |
| सञ्चालनमा रहेको आयोजनाहरुको संक्षिप्त रुपरेखा | २२ |
| निर्माणाधीन आयोजनाहरुको संक्षिप्त रुपरेखा | २३ |
| Financial Indicators | २४ |
| लेखा परीक्षकको प्रतिवेदन | २५ |
| वासलात | २६ |
| नाफा नोक्सान हिसाब | २७ |
| नगद प्रवाह विवरण | २८ |
| पूँजीमा भएको परिवर्तनको विवरण | २९ |
| अनुसूचीहरु | ३० |
| नोट | ४० |

# अपि पावर कम्पनी लिमिटेड

## १६औं तथा १७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०७६/११/१२ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १६औं वार्षिक साधारण सभा मिति २०७६/१२/०७ गते शुक्रबार (20th March, 2020) कार्की ब्याङ्क्वेट, माईतिघर, काठमाडौंमा विहान ११ बजे देखि हुने भनी मिति २०७६/११/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा विश्वमा फैलिरहेको कोभिड १९ रोगका कारण देशमा विषम परिस्थितिको सृजना भै नेपाल सरकारको मिति २०७६ साल चैत्र ०५ गतेको सूचना बमोजिम कुनैपनि सार्वजनिक स्थलहरूमा २५ जना वा सो भन्दा बढि व्यक्तिहरूको जमघट हुनमा रोक लगाउने निर्णयानुसार मिति २०७६/१२/०६ गते बसेको कम्पनीको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त वार्षिक साधारण सभा स्थगित गर्ने निर्णय भएकोमा पुनः मिति २०७७/०७/१४ (अपरान्ह २:०० बजे) गते बसेको संचालक समितिको बैठकले निर्धारित विषयहरूमा छलफल गरी निर्णय गर्नको लागि उक्त स्थगित १६औं तथा आ.व. २०७६/०७७ को १७औं वार्षिक साधारण सभा मिति २०७७/०८/०८ गतेहुने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १६औं तथा १७औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०७७ साल मंसिर ०८ गते सोमबार (Monday, 23rd November, 2020)

स्थान : संस्थाको प्रधान कार्यालय, ट्रेड टावर, थापाथली, काठमाडौंबाट Virtual माध्यम Zoom App बाट सभा संचालन हुनेछ । (हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको निमित्त आग्रह गरिएको हो ।)

समय : बिहान ११.०० बजे देखि

### १६औं तथा १७औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ का लागि श्री कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखापरिक्षक श्री घनश्याम पौड्याल (जि. पौड्याल एण्ड एसोसियटस) को नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०७७/०७८ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

५) १६औं वार्षिक साधारण सभा प्रयोजनका लागि पूर्व निर्धारित शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरूलाई आ.व. २०७५/०७६ को खुद मुनाफाबाट चुक्ता पूँजीको ०.२६ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने ।

६) १७औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरूलाई आ.व. २०७६/०७७ को मुनाफाबाट चुक्ता पूँजीको ०.४७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने ।

७) कम्पनीको नियमावलीमा व्यवस्था भएबमोजिम कम्पनीका शेरधनीहरूबाट १ महिला तथा स्वतन्त्र समेत हुनेगरी ५ जना संचालकहरूको निर्वाचन गर्ने सम्बन्धमा ।

(मिति २०७६/१२/०६ गते निर्वाचन समितिको तर्फबाट स्थगित भएको कार्यक्रमको संचालन गर्ने । निर्वाचन समितिको तर्फबाट निर्वाचन कार्यक्रम प्रकाशित भई उक्त निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारहरूको अन्तिम नामावली समेत प्रकाशित भईसकेकोमा निर्वाचन कमिटिको तर्फबाट भएका निर्वाचन सम्बन्धि सम्पूर्ण काम कारवाहीहरू यथावत् कायम राखी बाँकी निर्वाचनका काम कारवाहीहरू साधारण सभाबाट गर्ने ।)

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०७५/०७६ को खुद मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनश शेयर पारित गर्ने सम्बन्धमा ।

२) कम्पनीको आर्थिक वर्ष २०७६/०७७ को खुद मुनाफाबाट चुक्ता पूँजीको ९ प्रतिशतका दरले बोनश शेयर पारित गर्ने सम्बन्धमा ।

(कम्पनीको १६ औं वार्षिक साधारण सभामा प्रस्तावित आ.व. २०७५/०७६ को खुद मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले लाभांश शेयर प्राप्त गर्ने शेयरधनीहरूले समेत यस आ.व. २०७६/०७७ को खुद मुनाफाबाट लाभांश प्राप्त गर्ने । तर हाल जारी हकप्रद शेयर चुक्ता भई बाँडफाँड भैनसकेको हुँदा उक्त हकप्रद शेयर रकमलाई यस लाभांश गणना प्रयोजनका लागि समावेश गरिएको छैन ।)

३) अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७४/०७५ को चुक्ता पूँजी रू. ११९.०७ करोडको १ शेयर बराबर ०.४७६१९०४७६१९ शेयरका दरले जम्मा ५६.७ करोडको हकप्रद शेयर निष्काशन गर्ने स्वीकृति भएको जानकारी गराउने सम्बन्धमा ।

४) बोनश शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रबन्धपत्रको दफा ६ (ख) संशोधन गर्ने ।

५) कम्पनीमा विदेशी लगानीलाई सहज बनाउनका लागि कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा संशोधन गरी अग्राधिकार शेयर सम्बन्धी ब्यवस्था गर्ने सम्बन्धमा ।

६) यस कम्पनीमा अर्को कुनै कम्पनी वा अर्को कुनै कम्पनीमा यो कम्पनी गाभ्ने/गाभिने सम्बन्धी ब्यवस्था गर्न कम्पनीको नियमावलीको दफा ४७ मा संशोधन गर्ने सम्बन्धमा ।

७) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरूको लागि बैंक तथा वित्तीय संस्थाबाट लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरूप तोकिएको सिमा भन्दा बढी हुने देखिएको हुँदा आयोजनाहरूको लागि आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

८) आर्थिक वर्ष २०७५/०७६ को ५ प्रतिशत बोनश शेयर, आ.व. २०७६/०७७ को ९ प्रतिशत बोनश शेयर तथा रू. ५६.७ करोडको हकप्रद शेयर निष्काशन पश्चात् कायम हुने चुक्ता पूँजी रू. १९२.९७५६ करोडको १ शेयर बराबर ०.८५६५८४९११ का दरले हुने रू. १६५.३० करोड बराबरको हकप्रद शेयर निष्काशन गर्न स्वीकृति प्रदान गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीले निर्माण गरिरहेको ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा थप लगानी गर्ने सम्बन्धमा ।

**ग) बिबिध ।**

## १६औं तथा १७औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरू:

१) हालको कोभिड १९ को महामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितीको निमित्त हार्दिक अनुरोध छ ।

२) Virtual माध्यमबाट उपस्थिति शेयरधनीलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने व्यहोरा समेत जानकारी गराउँदछौं । उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्द्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरूको हाजिर निजहरूले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा संचालन अवधिभरीको भिडियो रेर्कडिङ्ग गरिनेछ ।

४) Meeting ID र Password को निमित्त कम्पनीको Email Id: info@apipower.com.np मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौ । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरी ID र Password समयमै पठाउन आइ पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै सोही Email Address मा साधारण सभाको प्रतिवेदन समेत पठाईनेछ ।

५) Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चहानुहुने शेयरधनी महानुभावहरूले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email: info@apipower.com.np मा सम्पर्क गरी नाम टिपोट गराउनहुन अनुरोध छ ।

६) १६औं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको पूर्व निर्धारित मिति २०७६ चैत्र १ गते देखि चैत्र ०७ गतेसम्म शेयरको दर्ता किताब बन्द रहको अनुरोध छ । १६औं वार्षिक साधारण सभा (आ.व. २०७५/७६) तथा

लाभांश प्रयोजनका लागि **२०७६ चैत्र ०१ गतेको अघिल्लो दिनसम्म** नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई नियमानुसार शेयर दर्ता किताबमा कायम रहेका शेयरधनीहरु मात्र आ.व. २०७५/०७६ को बोनश शेयरका लागि योग्य रहेका छन् ।

७) स्थगित १६औं वार्षिक साधारणसभाबाट कम्पनीका संचालक समिति सदस्यहरूको निर्वाचन गराउनका लागि निर्वाचन अधिकृत नियुक्ति भई निर्वाचन कमिटिको तर्फबाट निर्वाचन कार्यक्रम प्रकाशित भई उक्त निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारहरूको अन्तिम नामावली समेत प्रकाशित भइसकेकोमा निर्वाचन कमिटिको तर्फबाट भएका निर्वाचन सम्बन्धि सम्पूर्ण काम कारवाहीहरूलाई यथावत् कायम राखी बाँकी निर्वाचनका काम कारवाहीहरू यस साधारण सभाबाट सम्पन्न गरिने छ ।

८) १७औं साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७७ साल मंसिर ०१ गते देखि २०७७ साल मंसिर ०७ गते सम्म शेयरको दर्ता किताब बन्द रहने छ । १७औं वार्षिक साधारण सभा (आ.व. २०७६/७७) तथा लाभांश प्रयोजनका लागि **२०७७ साल मंसिर ०१ गतेदेखि अघिल्लो दिनसम्म** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई ७ कार्य दिन भित्र दाखिला खारेजका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू तथा कम्पनीको १६औं वार्षिक साधारण सभामा प्रस्तावित आ.व. २०७५/०७६ को खुद मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले लाभांश प्राप्त गर्ने शेयरधनीहरूले समेत यस आ.व. २०७६/०७७ को खुद मुनाफा प्राप्त गर्न योग्य हुनेछन् । तर हाल जारी हकप्रद शेयर चुक्ता भई बाँडफाँड भैनसकेको हुँदा उक्त हकप्रद शेयर रकमलाई यस लाभांश गणना प्रयोजनका लागि समावेश गरिएको छैन ।

९) १६औं तथा १७औं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैँ उपस्थित भई हाजिरी गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

१०) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

११) कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रूपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

१२) साधारण सभा सम्बन्धि अन्य कुराहरूको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

सञ्चालक समितिको आज्ञाले

**मधुसुदन कोइराला**

**कम्पनी सचिव**

# कम्पनीको परिचय

**अपि पावर कम्पनी लिमिटेड नेपालमा जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले वि.सं. २०६० साल असार ५ गते प्राइभेट लिमिटेड कम्पनीका रुपमा स्थापना भई वि.सं. २०७० साल श्रावण ६ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको छ । नेपालमा प्रचुर सम्भावना रहेको जलविद्युत आयोजना निर्माण तथा संचालनमा एक अग्रणी कम्पनीको रुपमा स्थापित भई कम्पनीले नयाँ आयोजनाहरुको निर्माण तथा सञ्चालन कार्य गरिरहेको छ ।**

नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरूको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरू मिलेर अपि पावर कम्पनी प्राईभेट लिमिटेड वि.सं. २०६० आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोवार संचालन गर्दै आएको कम्पनी हो ।

यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले वि.सं. २०७० साल श्रावण ६ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ । कम्पनीमा १०६४ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ६० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरूले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरूले र ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको छ ।

अपि पावर कम्पनी लिमिटेडद्वारा प्रथम आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्लामा वहने नौगड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र ०२गतेदेखि व्यवासायिक उत्पादन गरिरहेको छ । कम्पनीले संचालन गरेको यस आयोजनाको उत्पादन अनुमति पत्रको बहाल अविधि मिति वि.सं. २१०४/०३/३० गतेसम्म रहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो प्रथम आयोजना हो ।

कम्पनीले दोश्रो आयोजना ८ मेगावाट क्षमताको अपर नौगड गाढ जलविद्युत आयोजना पनि यसै नदीमा प्रथम आयोजना भन्दा करीव ५.५ किलोमिटर माथी बाँध निर्माण गरी ५ किलोमिटर लामो १.८ डायामिटरको पेनस्टक पाईपको सहायताले नौगड नदीको पानी फकाई आयोजना निर्माण कार्य सम्पन्न गरेको छ । यस आयोजनाले मिति २०७६ साल कार्तिक १३ गते बाट व्यवसायिक उत्पादन गरिरहेको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्रको बहाल अवधि मिति वि.सं. २१०८/०९/१३ गतेसम्म रहेको छ । कम्पनी द्वारा संचालनमा रहेको यी दुवै आयोजनाहरूबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको, वलौंच सवस्टेशनबाट राष्ट्रिय ग्रिडमा जडान भई प्रशारण लाईनमा प्रवाह भईरहेको छ ।

कम्पनीले तेश्रो जलविद्युत आयोजनाको रूपमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना पहिचान गरी निर्माण गरिरहेको छ । सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने चमेलिया नदीको पानी उपयोग गरि ४० मेगावाट क्षमताको यस आयोजनाको विद्युत खरिद बिक्री समभौता मिति २०७५ साल फाल्गुण १५ गते नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न गरी नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग मार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरेको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्रको बहाल अवधि मिति वि.सं. २१११/०६/११ गतेसम्म रहेको छ । कम्पनीले यस आयोजनाको निर्माण कार्य द्रुत गतिमा मिति २०७७ साल कार्तिक ०१ गतेबाट भैरहेको छ । हाल यस आयोजनमा कर्मचारी आवास निर्माण, लेवर आवास निर्माण, क्रसर प्लान्ट जडान, विद्युत लाईन विस्तार, बालुवा, गिट्टी उत्खनन् एवम् प्रशोधनका कार्यहरू भईरहेका छन् ।

नेपाल विद्युत प्राधिकरणले मिति २०७३ जेष्ठ २६ गते नेपालका विभिन्न १६ स्थानमा रहेका चालु सवस्टेशनमा जडान गर्ने गरि २२ आयोजना मार्फत ६४ मेगावाट क्षमताका ग्रीड कनेक्टेड सौर्य आयोजनाहरूको लागि बोलपत्र आव्हान गरेको थियो । मिति २०७३ साल कार्तिक ७ गते आइतबार यस अपि पावर कम्पनीलाई घटाघट विधिबाट ८ वटा सवस्टेशनहरूमा जडान गर्ने गरि १८ मेगावाट सौर्य आयोजनाहरू प्राप्त भएको छ । यी आयोजनाहरूको लागि नेपाल विद्युत प्राधिकरण र कम्पनी बिच ४ वटा आयोजनाहरू (१४ मेगावाट) को विद्युत खरिद बिक्री सम्झौता भैसकेको अवस्था छ । यी आयोजनाहरू निर्माणका लागि जग्गा खरिद तथा लिजमा लिने, ट्रान्समिशन लाईनका लागि गर्नुपर्ने कार्यहरू भैरहेका छन् ।

| | |
|---|---|
| कम्पनी स्थापना भएको मिति | २०६०/०३/०५ |
| पब्लिक लिमिटेडमा परिणत | २०७०/०४/०६ |
| कम्पनीको दर्ता नं. | ११४४७/०५९/०६० |
| कम्पनीको पान नं. | ३०१४४२९१२ |
| स्थानीय बासिन्दालाई शेयर बाँडफाँड | २०७१/१२/०४ |
| सर्वसाधारणलाई शेयर बाँडफाँड | २०७२/०५/१५ |
| शेयर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत मिति | २०७२/०७/२३ |
| बजारमा शेयर खरिद बिक्री सुरू भएको मिति | २०७२/०८/०२ |
| लकिङ पूर्णरूपले खुलेको मिति | २०७५/०७/२३ |



कम्पनीको प्रधान कार्यालय

# अध्यक्षको मन्तब्य

## आदरणीय शेयरधनी महानुभावहरू,

अपि पावर कम्पनी लिमिटेडको १६औं तथा १७औं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूमा सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । कम्पनीको वार्षिक साधारणसभामा उपस्थित भएर कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

कम्पनीको १५औं वार्षिक साधारणसभा मिति २०७५/०९/२५ मा सम्पन्न भएको थियो । विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरसबाट लाग्ने कोभिड १९ रोगका कारण कम्पनीले मिति २०७६ साल चैत्र ०७ गते आव्हान गरेको १६औं वार्षिक साधारण सभा नेपाल सरकारको मिति २०७६ साल चैत्र ०५ गतेको सूचना बमोजिम कुनैपनि सार्वजनिक स्थलहरूमा २५ जना वा सो भन्दा बढि व्यक्तिहरूको जमघट हुनमा रोक लगाउने निर्णयानुसार कम्पनीको १६औं वार्षिक साधारण सभा स्थागित गरिएको थियो । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय, कोभिड १९ नियन्त्रण सम्बन्धि निकायहरू तथा सम्बिन्धत जिल्ला प्रशासन कार्यालयबाट जारी भएका सूचना तथा निर्देशनको पालन गरी यस रोगबाट बच्न सावधानीका विधिहरू अप्नाई आफ्नो दैनिक जीवनमा परिवर्तन गर्न म यस वार्षिक साधारण सभाबाट सबैमा अनुरोध गर्दछु । कम्पनीको १६औं तथा १७औं वार्षिक साधारण सभा एकैपटक हुन लागेको यो पहिलो पटक हो ।

विश्वभर फैलिरहेको कोभिड १९ नामक महामरीका कारण देशको समग्र अर्थिक अवस्था खराब हुन पुगेको छ । यस रोगका कारण कम्पनीमा पर्न गएका असरहरूलाई समुचित तवरले व्यवस्थापन गर्दै कम्पनीको लक्ष्य अनुरूपको व्यवसायिक प्रगतिमा निरन्तरता दिनु आजको प्रमुख चुनैती रहेको व्यहोरा यहाँहरूलाई अवगत गराउँदछु । मुलुक आर्थिक रूपले समृद्धिको बाटोमा अघि बढी रहेको र देशमा भौतिक पूर्वाधार लगायत औद्योगिक क्षेत्रको विकास क्रमिक रूपमा सुधार हुने क्रममा अकस्मात फैलिएको कोभिड १९ को संक्रमणबाट सम्पूर्ण विश्वनै प्रभावित भएको छ । यसको असरले गर्दा कम्पनीको व्यवसायमा समेत ह्रास आउन सक्ने भएकोले सो को सहज व्यवस्थापनमा लाग्नका लागि आवश्यक रणनीति निर्माण गरी कम्पनी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं । नेपाल सरकारको घोषित नियम बमोजिम सामाजिक दुरी कायम गरी सभा सम्मेलन आयोजना गर्नुपर्ने भएको हुनाले भौतिक रूपमा सभामा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरूको लागि Zoom App को प्रयोग द्वारा सभामा सहभागी हुने व्यवस्था मिलाइएको व्यहोरा अवगत गराउँदै यसबाट पर्न गएको असुविधाका लागि कम्पनी क्षमाप्रार्थी छ ।

वि.सं. २०६० साल असाढ ५ गते प्राइभेट कम्पनीको रूपमा स्थापित यस कम्पनी मिति वि.सं. २०७० साल श्रावण ६ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा करिब एक लाख चौध हजार शेयरधनीहरूको लगानी रहेको छ । शेयरधनीहरूको लगानीमा उचित प्रतिफल प्रदान गर्ने उद्देश्यका साथ कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ । कम्पनीको मूल उद्देश्य भनेको जलविद्युत एवं सोलार आयोजनाहरूको निर्माण गर्ने र मूनाफादायी आयोजनाहरूमा समेत लगानी गर्ने रहेको छ । कम्पनीले विभिन्न आयोजनामा लगानी गरे पश्चात कम्पनीको पूँजी संरचना, आय, नाफा आदि समेतको प्रक्षेपण वनाई अनुसुचीमा संलग्न गरिएको छ ।

अपि पावर कम्पनी लिमिटेड द्वारा प्रथम आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने नौगड गाढ नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र ०२ गते देखि व्यवासायिक उत्पादन गरिरहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो नै पहिलो जलविद्युत आयोजना हो ।

कम्पनीको दोश्रो आयोजना ८ मेगावाट क्षमताको अपर नौगड गाढ जलविद्युत आयोजना पनि यसै क्षेत्रमा पहिलो आयोजना भन्दा करीब ५ किलोमिटर माथि रहेको छ । नौगड गाड नदीकै पानी उपयोग गरी यस आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक उत्पादन गरिरहेको जानकारी यहाँहरू समक्ष गराउँदा खुसीको अनुभुति भईरहेको छ । कम्पनी द्वारा संचालनमा रहेको यी दुवै आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको वलाँच अत्तरीया १३२ के.भि. ट्रान्समिसन लाईन मार्फत राष्ट्रिय प्रशारण लाइनमा प्रवाह भइरहेको छ ।

कम्पनीले आफ्नो तेश्रो जलविद्युत आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने चमेलिया नदीको पानी उपयोग गरी ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना पहिचान गरी विकास गरिरहेको छ । यस आयोजनाको विद्युत खरीद बिक्री सम्झौता मिति २०७५ साल फाल्गुण १५ गते नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न भई नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग मार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र समेत

प्राप्त भएको जानकारी यहाँहरू समक्ष गराउँदछु । कम्पनीले यस आयोजना मिति २०७७ साल कार्तिक १ गतेबाट निर्माण कार्य शुरू गरेको जानकारी समेत शेयरधनी महानुभावहरू बताउन चाहन्छु । यस आयोजनाको विद्युत बिक्रीबाट वार्षिक १६२ करोड आय आर्जन हुनेछ । यस आयमा ८ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले वृद्धि हुँदै जानेछ । यस आयोजना निर्माणका लागि जम्मा रू. ७४० करोड लगानी लाग्ने अनुमान छ । यसको ३० प्रतिशतले हुने रू. २२२ करोड शेयरधनीहरूको लगानी र बाँकी रू. ५१८ करोड रकम श्री हिमालयन बैंक लिमिटेडको अगुवाईमा अन्य बैंक तथा वित्तीय संस्थाहरूको सह-वित्तीयकरण (Consortium) बनाई बैंक ऋण प्रवाह गर्ने गरी वित्तीय व्यवस्थापन सम्झौता मिति २०७७ साल आश्विन ११ गतेका दिन सम्पन्न गरिएको छ । यस सह-वित्तियकरणमा श्री हिमालयन बैंक लिमिटेडको नेतृत्वमा बैंक तथा वित्तीय संस्थाहरू क्रमशः श्री कर्मचारी संचय कोष, श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, श्री नेपाल बैंक लिमिटेड, श्री सेञ्चुरी कमर्सियल बैंक लिमिटेड तथा श्री नेपाल बङ्गलादेश बैंक लिमिटेडको सहभागिता रहेको छ । शेयरधनीहरूको लगानी हुने रू. २२२ करोड अपि पावर कम्पनीबाट जारी गरिने हकप्रद शेयर निष्काशनबाट परिपुर्ति गरिने जानकारी यहाँहरू समेक्ष जानकारी गराइन्छ । आयोजनामा आवश्यक कर्मचारी आवास निर्माण तथा लेवर आवास निर्माणको कार्य भईरहेको छ । आयोजना निर्माणका लागि अत्यावश्यक विद्युत लाईन विस्तार कार्य, निर्माण सामाग्रीहरू जस्तै बालुवा तथा ढुङ्गाको उत्खनन् गरी संकलन कार्य भई क्रसर प्लान्ट स्थापन गरी प्रशोधन गर्ने कार्य भईरहेको छ । यस आयोजनाको निर्माण पश्चात् कम्पनीको नाफाको आकार अझै बढ्दै जानेछ । आयोजनाको निर्माण कार्य ३० महिना भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

८.५ मे.वा क्षमतबाट शुरू गरिएको कम्पनी आयोजनाहरूको निर्माण पश्चात् ५६.५ मे.वा क्षमताको विद्युत उत्पादन गर्ने नीजि क्षेत्रबाट प्रवर्द्धित एक सवल कम्पनी बन्नेछ । कम्पनीको पूँजीमा मुनाफा वापत प्राप्त लाभांश, बोनश शेयर तथा शेयरधनीहरूको लगानी गरी कम्पनीको हालको चुक्ता पूँजी रू. ११९.०७ करोड रहेको छ । आगामी आ.व. बाट यस कम्पनीका दुई आयोजनाहरूको नियमित तथा निरन्तर संचालनबाट मूनाफा बृद्धि हुँदै जानेछ । स्थगित वार्षिक साधारण सभा आ.व. २०७५/०७६ को खुद मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूँजीको ०.२६ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश र चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनश शेयर तथा आ.व २०७६/०७७ को खुद मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूँजीको ०.४७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश र चुक्ता पूँजीको ९ प्रतिशतका दरले बोनश शेयर प्रदान गर्ने प्रस्ताव गरेको छौं ।

हामी सबैले लामो समय सम्म प्रतिक्षा गरेको कम्पनीको १ बराबर २ को हकप्रद शेयर निष्काशन गर्ने अनुमति माग गरेकोमा नेपाल सरकार, विद्युत नियमन आयोग र नेपाल सरकार धितोपत्र बोर्ड बाट १ बराबर १ को हकप्रद स्वीकृत भएको व्यहोरा आज यस सभा समक्ष जानकारी गराउन चाहान्छु । कम्पनीलाई स्वीकृत भएको १ बराबर १ को हकप्रद शेयर ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा मात्र लगानी गरी आयोजना निर्माण गरिनेछ । जलविद्युत लगायतका पब्लिक लिमिटेड कम्पनीलाई हकप्रद शेयर निष्काशन गर्न दिने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले मिति २०७३ साल मंसिर २२ गतेमा नयाँ नीतिको व्यवस्था गरको थियो । सो नीतिमा भएको व्यवस्था अनुसार प्राथमिक शेयर निष्काशन गरको तीन वर्ष पुरा भएका कम्पनीहरूलाई मात्र हकप्रद शेयर निष्काशन गर्न दिने व्यवस्था हुँदा हाम्रो कम्पनीको तीन वर्ष पुरा भैइसकेको र पन्धौं वार्षिक साधारण सभाबाट कम्पनीको चुक्ताँपुजी रू. ११३.४ करोडको १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय पारित गरी सो को स्वीकृतीको लागि नेपाल धितोपत्र बोर्डमा आवेदन गरिएको थियो ।

नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट जलविद्युत आयोजनाहरूको लागत, निर्माण, विद्युत उत्पादन, प्रसारण, वितरण र व्यापारलाई नियमन गर्न नियमनकारी निकायको रूपमा विद्युत नियमन आयोगको स्थापना भएको छ । विद्युत नियमन आयोगमा अपि पावर कम्पनी लि. को १:२ हकप्रद शेयर निष्काशन निवेदन उपर कारवाही भई दुई चरण गरी हकप्रद शेयर निष्काशन गर्ने स्वीकृत प्राप्त भएको व्यहोरा शेयरधनी महानुभावहरूमा जानकारी गराउँदछौं । प्रथम चरणको निष्काशन आर्थिक वर्ष २०७४/०७५ को चुक्ता पूँजी रू. ११९.०७ करोडको १ शेयर बराबर ०.४७६१९०४७६१९ को अनुपातमा प्रति शेयर रू. १००/- अंकित दरको ५६,७०,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला मिति २०७७ साल कार्तिक १४ गतेका दिन देखि मिति २०७७ साल मंसिर ०४ गतेसम्म गरिएको जानकारी अनुरोध छ ।

कम्पनीको हालको चुक्ता पूँजी ११९.०७ करोडमा आर्थिक वर्ष २०७५/०७६ को १६ औं वार्षिक साधारण सभाबाट प्रस्तावित ५ प्रतिशत बोनश शेयर अनुमोदन र आर्थिक वर्ष २०७६/०७७ को १७ औं वार्षिक सधारण सभाबाट प्रस्तावित ९ प्रतिशत वोनश शेयर अनुमोदन भएपश्चात् तथा ५६.७ करोडको हकप्रद शेयर निष्काशन पश्चात् कायम भई कम्पनीको जम्मा चुक्ता पूँजी रू. १९२.९७५६ करोड हुनेछ । नियमक निकायहरूको निर्देशन बमोजिम कम्पनीले आयोजनाको कार्य प्रगतीको आधारमा दोश्रो चरणको हकप्रद संकलन गर्न निवेदन दिई चुक्ता पूँजी रू. १९२.९७५६ कारोडको १ बराबर ०.८५६५८ का दरले हुने रू. १६५.३ करोड बराबरको हकप्रद निष्काशन गर्ने प्रस्ताव यस सभाबाट अनुमोदन गरिदिनहुन हार्दिक आव्हान गर्दछु । प्रस्तावित हकप्रद शेयर निष्काशन बाट प्राप्त हुने रकम कम्पनीले निर्माण गरिरहेको ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा थप लगानी गरिने जानकारी यहाँहरू सबैमा अनुरोध गर्दछु ।

हाम्रो उद्देश्य यस अपि पावर कम्पनी लिमिटेडलाई देशकै ठुलो र राम्रो जलविद्युत कम्पनीको रूपमा स्थापित गर्ने हो । यसबाट हामी कुनै पनि दिन विक्षिप्त भएका छैनौं । कम्पनीका कर्मचारी साथीहरू एवं संचलक समितिका पदाधिकारीहरूले अहोरात्र कार्य गरिरहेका छन् । कम्पनीको साधारणसभा ढिलो सम्पन्न हुन गएकोमा सम्पूर्ण शेयरधनीहरू समक्ष क्षमायाचना गर्दछु ।

## आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल सरकारले उर्जा संकट निरूपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा शौर्य शक्ति बाट विजुली उत्पादन गर्ने नीति लिएको छ । यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्द्धाबाट देशका तराईका जिल्लाहरूमा अवस्थीत विभिन्न सवस्टेशनहरू रहेका ठाँऊमा जडान गर्ने गरी सोलार बाट जम्मा ६४ मेगावाट नीजि क्षेत्रको लगानी बाट उत्पादनको लागी एक टेण्डर आव्हान गरेको थियो । सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठवटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको छ । नेपालमा सोलार आयोजनाबाट विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद–विक्रि सम्झौता गरि निजि लगानीकर्तालाई लगानीको लागी आवहान गरेको यो प्रथम प्रयास हो । आर्थिक वर्ष २०७६/७७ बाट सौर्य ऊर्जा, वायु ऊर्जा तथा अन्य ऊर्जाका आयोजना निर्माणका लागि भन्सार तथा मुल्य अभिवृद्धिकरमा छुट दिने व्यवस्था लागु भएकोले यस क्षेत्रले प्रगति गर्ने विश्वास लिएको छु ।

कम्पनीले ४ मेगावाट क्षमताको चन्द्रनिगाहपुर सोलार आयोजना निर्माण गर्ने सोचका साथ कार्य भईरहेको छ । यस आयोजना निर्माण पश्चात् कम्पनीको सोलार आयोजनामा समेत संलग्नता रहनेछ ।

अपि पावर कम्पनी लिमिटेडको शेयर २०७२/०८/०२ मा पहिलो पटक नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार भएको थियो । सुचिकृत भई कारोबार हुदाँ कम्पनीको शेयरको मुल्य रू. ३१३ रहेको थियो । शेयर बजारमा अएका उतारचढाव पश्चयात् यो प्रतिवेदन लेखन गर्दा अर्थात २०७७/०७/१६ गते कम्पनीको शेयरको बजार मुल्य रू. २४०/- रहेको छ । आगामी दिनहरूमा नेपालको शेयर बजारमा उच्च मूल्य कायम हुने कम्पनी बनाउन हामी प्रयासरत छौं । कम्पनीको आयोजना क्षेत्रका प्रभावित शेयरधनीहरूको शेयर मिति २०७४/१२/०३ मा लकईन अवधि खुल्ला भई साधारण शेयर सरह कारोवार भैरहेको छ । कर्मचारीहरूलाई एवम् सामुहिक लगानीकर्ता तर्फ जारी भएको शेयरको लकईन अवधि २०७५/०५/२४ मा र संस्थापक शेयरधनीहरूमा जारी भएको शेयरको लकईन अवधि मिति २०७५/०७/२४ बाट खुल्ला भई साधारण शेयर सरह कारोवार भैरहेको छ ।

## आदरणीय शेयरधनी महानूभावहरू,

विभिन्न संचार माध्यमहरूमा जलविद्युत आयोजनाहरू रूग्ण भईरहका समाचारहरू आईरहेका छन् । जलविद्युत कम्पनीका शेयरको मुल्य बुक भ्यालु भन्दा तल आइरहेको अवस्था छ । यद्धपी यस्तो अवस्था यस कम्पनीमा नआएतापनि नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास बिभागले नीतिगत सुधारका कार्यहरू लागु गरी यो क्षेत्रलाई समग्र रूपमा अझ बढि मुनाफादायी बनाउनु पर्ने चुनौति खडा भएको छ । म यस साधारणसभाबाट नियमक निकायहरूलाई यो क्षेत्रको सवलिकरण र सुधारमुखी योजनाहरूको तर्जुमा गर्न समेत अनुरोध गर्दछु । जलविद्युत आयोजनाहरूलाई सुलव दरमा कर्जा प्रवाह गर्नुको साथै विद्युत खरिद बिक्री सम्झौताको दररेटलाई समेत समय सापेक्ष बनाउन समेत सरोकारवाला सबैको ध्यानाकृष्ठ गर्न चाहन्छु ।

कम्पनीलाई आजको यस अवस्थामा पुर्‍याउन सहयोग गर्नुहुने शेयरधनी महानुभावहरू, वित्तिय सहयोग गर्ने बैंक तथा वित्तीय संस्थाहरू, सिभिल निर्माणको कार्य गर्ने कम्पनीहरू, हाइड्रोमेकानिकल को कार्य कम्पनी, इलेक्ट्रोमेकानीकल सम्बन्धि कार्य गर्ने कम्पनीहरू, श्री नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार ऊर्जा मन्त्रालय, नेपाल सरकार विद्युत विकास विभाग, विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सिडिएस क्लिरिङ्ग लिमिटेड, आयोजना स्थलका स्थानिय बासिन्दाहरू, आयोजना स्थलहरूका स्थानिय सरकार, पत्रकार मित्रहरू, कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरूको साथै कम्पनीलाई सदैव हौसला प्रदान गर्ने शुभचिन्तकहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो व्यस्त कार्यक्रमको बावजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरूलाई धन्यवाद दिंदै सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

**धन्यवाद ।**

**(गुरू प्रसाद न्यौपाने)**
अध्यक्ष

# आर्थिक वर्ष २०७६/०७७

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

कम्पनीको यस वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागिरहेको छ ।

अपि पावर कम्पनी लिमिटेड वि.स. २०६० साल असाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यर्लयमा दर्ता भई वि.स. २०७० साल श्रावण ६ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई जलविद्युत सम्बन्धि व्यासाय गरिरहेको कम्पनी हो । कम्पनीको हाल अधिकृत पूँजी रू. ५०० करोड, जारी पूँजी रू. ४०० करोड र चुक्तापूँजी रू.११९.०७ करोड पुगेको छ ।

**कम्पनीले आफ्नो शेयरधनीहरूलाई उपलब्ध गराईएको लाभांश विवरण :**

| आर्थिक वर्ष | चुक्ता पूँजी (रू. करोड) | लाभांश प्रतिशत | कैफियत |
|---|---|---|---|
| २०७२/०७३ | १००.०० | ५% | बोनश शेयर |
| २०७३/०७४ | १०५.०० | ८% | बोनश शेयर |
| २०७४/०७५ | ११३.४ | ५% | बोनश शेयर |
| २०७५/०७६ | ११९.०७ | ५% | साधारण सभामा अनुमोदनको लागि प्रस्तावित बोनश शेयर |
| २०७६/०७७ | १२५.०२३५ | ९% | साधारण सभामा अनुमोदनको लागि प्रस्तावित बोनश शेयर |

कम्पनीको १६ औं वार्षिक साधारण सभामा प्रस्तावित आ.व. २०७५/०७६ को लेखा परिक्षण पश्चात् कम्पनीको खुद मुनाफाबाट ५ प्रतिशत का दरले (कर बाहेकको) लाभांश, वोनश शेयरको रूपमा उपलब्ध गराइएको छ । यद्यपी कम्पनीको यस ५ प्रतिशत बोनश शेयर विश्वव्यापी फैलिरहेको कोरोना भाइरसकाबाट लाग्ने कोभिड १९ रोगका कारण नेपाल सरकारको मिति २०७६ साल चैत्र ०५ गतेको सूचना बमोजिम कुनैपनि सार्वजनिक स्थलहरूमा २५ जना वा सो भन्दा बढि व्यक्तिहरूको जमघट हुनमा रोक लगाउने निर्णय भएकोहुँदा कम्पनीको १६ औं वार्षिक साधारण सभा स्थगित भई कम्पनीको साधारण सभाबाट पारित भैनसकेको कारणले गर्दा समय अवधि लम्बिएको जानकारी समेत शेयरधनी महानुभावहरूमा अनुरोध छ । कम्पनीको यस साधारण सभाबाट अनुमोदन भएपश्चात् आ.व. २०७५/०७६ को लाभांश वितरण पश्चात् कम्पनीको चुक्ता पूँजी रू. १२५.०२ करोड पुग्नेछ । कम्पनीले वर्षेनी खुद मुनाफाबाट शेयरधनीहरूलाई वितरण गर्ने वोनश यस साधारण सभाबाट आ.व. २०७६/०७७ को लेखा परिक्षण पश्चात् कम्पनीको खुद मुनाफाबाट ९ प्रतिशतका दरले (कर बाहेकको) लाभांश, वोनश शेयरको रूपमा उपलब्ध गराईएको छ । कम्पनीको १६औं वार्षिक साधारण सभामा प्रस्तावित आ.व. २०७५/०७६ को खुद मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले लाभांश शेयर प्राप्त गर्ने शेयरधनीहरूले समेत यस आ.व. २०७६/०७७ को खुद मुनाफाबाट लाभांश प्राप्त गर्नेछन् । तर हाल जारी हकप्रद शेयर चुक्ता भई बाँडफाँड भैनसकेको हुँदा उक्त हकप्रद शेयर रकमलाई यस लाभांश गणना प्रयोजनका लागि समावेश गरिएको छैन । कम्पनीले हालसम्म नियमित रूपमा आयोजनाहरूको विकास एवम् निर्माण कार्य सम्पन्न गरी आयोजनाहरू संचालन गर्दै नाफा आर्जन गरिरहेको छ ।

अपि पावर कम्पनी लिमिटेडले मिति २०७१ साल माघ २ गते उद्योग प्रभावित क्षेत्रका लागि र २०७२ साल आषाढ २१ गते देखि २०७२ साल आषाढ २४ गते सम्म सर्वसाधारण जनताका लागि शेयर विकि खुल्ला गरिएको साधारण शेयर मिति २०७२ साल पौष ३ गतेबाट नेपाल धितोपत्र बोर्डमा सुचिकरण गरिएको थियो । कम्पनीको हाल आयोजना प्रभावित क्षेत्रका प्रभावित शेयरधनीहरूको शेयर मिति २०७४ साल चैत्र ३ गतेबाट कर्मचारी एवम् सामुहिक लगानीकर्ता शेयरधनीहरूको शेयर मिति २०७५ साल भदौं २४ गतेबाट र संस्थापक शेयरधनीहरूको शेयर मिति २०७५ साल कार्तिक २४ गतेबाट बिक्री वितरण खुल्ला भई नेपाल स्टक एक्सचेन्जमा साधारण शेयर सरह कारोवार भईरहेको छ । कम्पनीको शेयरको अधिकतम कारोवार मूल्य रू. ८४० रहेको थियो भने न्युनतम करोवार मूल्य रू. १०३ सम्म रहेको थियो । यो प्रतिवेदन तयार गर्दा मिति २०७७/०७/१७ गते कम्पनीको शेयरको बजार मुल्य रू. २४०।- रहेको छ ।

कम्पनीले आफ्नो लगानी तथा बैक ऋणबाट सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्लामा वहने नौगड गाढ नदीको पानी उपयोग गरी प्रथम आयोजनाको रूपमा ८.५ मेगावाट क्षेमताको नौगड गाढ जलबिद्युत आयोजना निर्माण सम्पन्न गरी वि.स. २०७२ भाद्र २ गते देखी राष्ट्रिय ग्रिडमा बिद्युत प्रवाह गरी व्यापारिक उत्पादन गरिरहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो पहिलो जलविद्युत आयोजना हो । यो आयोजनाको निर्माण सम्पन्न गरी कम्पनीले दाश्रो आयोजना रूपमा सोही नदीको

पानी उपयोग गरी ८ मेगावाट क्षमताको अपर नौगड गाढ जलविद्युत आयोजना मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यापारिक उत्पादन गरी राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरिरहेको छ । कम्पनी द्वारा संचालनमा रहेका यी दुवै आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको अत्तरीया वलाँच १३२ के.भी. ट्रान्समिसन लाईन मार्फत विद्युत प्रवाह भईरहेको छ ।

कम्पनीले तेश्रो जलविद्युत आयोजनाको रूपमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना पहिचान गरी विकास गरिरहेको छ । सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला, अपि हिमाल र मार्मा गाउँपालिका भई वहने चमेलिया नदीको पानी उपयोग गरी यो आयोजनाको निर्माण भइरहेको छ । यस आयोजनाबाट वार्षिक २६ करोड ४१ लख युनिट विद्युत उत्पादन हुनेछ । उत्पादित विद्युत मध्ये ३७ प्रतिशत हिउँदका ६ महिनामा र बाँकी ६३ प्रतिशत वर्षाका ६ महिनामा उत्पादन हुनेछ । यस आयोजनाको विद्युत बिक्रीबाट वार्षिक १६२ करोड आय आर्जन हुनेछ । यस आयमा ८ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले वृद्धि हुँदै जानेछ । यस आयोजना निर्माणका लागि जम्मा रू. ७४० करोड लगानी लाग्ने अनुमान छ । यसको ३० प्रतिशतले हुने रू. २२२ करोड शेयरधनीहरूको लगानी र बाँकी रू. ५१८ करोड रकम श्री हिमालयन बैंक लिमिटेडको अगुवाईमा अन्य बैंक तथा वित्तीय संस्थाहरूको सह-वित्तीयकरण (Consortium) बनाई लगानी जुटाइएको छ ।

कम्पनीसँग रहेको रू. ११९.०७ करोड चुक्ताँ पूजीबाट कम्पनीले माथिल्लो चमेलिया जलविद्युत आयोजनामा रू. १४ करोड, श्री अपि हाईड्रोमेकानिकल लिमिटेडमा रू. ७ करोड, अरूण काबेली पावर लि. बाट संचालित काबेली बी १ जलविद्युत आयोजना (२५ मे.वा.) को शेयरमा रू. ४ करोड, सोलार आयोजनाहरू विकासको लागि रू. २.५२ करोड तथा अन्य लगानीमा रू. ४.४ करोड लगानी रहेको छ । शेयरधनी महानुभावहरूलाई प्रदान गर्ने लाभांश कम्पनीले बोनश शेयरको रूपमा प्रदान गर्दै आएको छ । कम्पनीको दुई आयोजनाहरूको निरन्तर संचालन तथा नयाँ आयोजनाहरू विकास गरी विद्युत बिक्रीबाट गरेको आम्दानीबाट स्वतः रूपमा मुनाफा बृद्धि हुदैं शेयरधनीहरूमा प्रदान हुने लाभांश दर बढ्दै जानेछ ।

कम्पनीको हालको चुक्ता पूँजी ११९.०७ करोडमा आर्थिक वर्ष २०७५/०७६ को १६औं वार्षिक साधारण सभाबाट प्रस्तावित ५ प्रतिशत वोनश शेयर अनुमोदन र आर्थिक वर्ष २०७६/०७७ को १७औं वार्षिक सधारण सभाबाट प्रस्तावित ९ प्रतिशत बोनश शेयर अनुमोदन भएपश्चात् तथा ५६.७ करोडको हकप्रद शेयर (१६ औं वार्षिक साधारण सभाको लागि मिति २०७६ चैत्र १ गते भन्दा अघिल्लो कारोबार दिनसम्म कारोवार भई नियमानुसार शेयरधनी दर्ता किताबमा कायम हुनुभएका शेयरधनी महानुभावहरू योग्य) निष्काशन पश्चात् कायम भई कम्पनीको जम्मा चुक्ता पूँजी रू. १९२.९७५६ करोड हुनेछ । नियमक निकायहरूको निर्देशन बमोजिम कम्पनीले आयोजनाको कार्य प्रगतीको आधारमा दोश्रो चरणको हकप्रद संकलन गर्न निवेदन दिई चुक्ता पूँजी रू. १९२.९७५६ कारोडको १ बराबर ०.८५६५८ का दरले हुने रू. १६५.३ करोड बराबरको हकप्रद निष्काशन गर्ने प्रस्ताव यस सभाबाट अनुमोदन गरिदिनहुन हार्दिक आव्हान गर्दछु । प्रस्तावित हकप्रद शेयर निष्काशन बाट प्राप्त हुने रकम कम्पनीले निर्माण गरिरहेको ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा थप लगानी गरिने छ ।

पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा धेरै शेयरधनीहरूको लगानी रहेको छ । लगानीमा उचित प्रतिफल प्राप्त होस भन्ने बारेमा कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ ।

## माथिल्लो चमेलिया जलविद्युत आयोजना निर्माणका लागि चाहिने लगानी विवरण

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | **आयोजनाको कुल लागत** | **७,४००,०००,०००।-** | |
| २. | **बैंक ऋण** | **५,१८०,०००,०००।-** | |
| ३. | **कम्पनीको चुक्ता पूजी** | **१,१९०,७००,०००।-** | |
| ४. | कुल आवश्यक स्वपूँजी लगानी | २,२२०,०००,०००।- | हकप्रद निष्काशन मार्फत |
| ५. | हकप्रद जारी (१:०.४७६१९०) | ५६७,०००,०००।- | प्रथम चरणको हकप्रद निष्काशन |
| ६. | हकप्रद जारी (१:०.८५६५८) | १,६५३,०००,०००।- | दोस्रो चरणको हकप्रद निष्काशन |

# कम्पनीको शेयरको बजार मूल्य

**मिति २०७२ मंसिर २ गतेबाट कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा कारोबार सुरू भएको हो । कारोबार सुरु हुँदा प्रतिशेयर मूल्य रू. ३०१ बाट सुरुभएको थियो । सो मुल्यमा परिवर्तन हुँदै गएर यो प्रतिवेदन तयार गर्दाको अवस्थामा अर्थात २०७७ कातिकसम्ममा रू. २३८।- मा करोबार भएको छ।**

**कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भए पश्चात् आजका मितिसम्म शेयरको कारोबारको बजार मूल्य तालिका र रेखाचित्र बनाई प्रस्तुत गरिएको छ ।**

| Months | Closing Share Price (NPR) | Months | Closing Share Price (NPR) |
|---|---|---|---|
| Mangsir, 2072 | 391.00 | Baisakh, 2075 | 338.00 |
| Poush, 2072 | 390.00 | Jestha, 2075 | 319.00 |
| Magh, 2072 | 540.00 | Asadh, 2075 | 284.00 |
| Falgun, 2072 | 747.00 | Shrawan, 2075 | 266.00 |
| Chaitra, 2072 | 658.00 | Bhadra, 2075 | 255.00 |
| Baisakh, 2073 | 677.00 | Ashwin, 2075 | 231.00 |
| Jestha, 2073 | 771.00 | Kartik, 2075 | 151.00 |
| Asadh, 2073 | 843.00 | Mangsir, 2075 | 149.00 |
| Shrawan, 2073 | 705.00 | Poush, 2075 | 154.00 |
| Bhadra, 2073 | 620.00 | Magh, 2075 | 137.00 |
| Ashwin, 2073 | 613.00 | Falgun, 2075 | 137.00 |
| Kartik, 2073 | 569.00 | Chaitra, 2075 | 135.00 |
| Mangsir, 2073 | 413.00 | Baisakh, 2076 | 144.00 |
| Poush, 2073 | 405.00 | Jestha, 2076 | 148.00 |
| Magh, 2073 | 315.00 | Asadh, 2076 | 143.00 |
| Falgun, 2073 | 435.00 | Shrawan, 2076 | 131.00 |
| Chaitra, 2073 | 616.00 | Bhadra, 2076 | 119.00 |
| Baisakh, 2074 | 600.00 | Ashwin, 2076 | 113.00 |
| Jestha, 2074 | 564.00 | Kartik, 2076 | 105.00 |
| Asadh, 2074 | 545.00 | Mangsir, 2076 | 109.00 |
| Shrawan, 2074 | 660.00 | Poush, 2076 | 124.00 |
| Bhadra, 2074 | 589.00 | Magh, 2076 | 133.00 |
| Ashwin, 2074 | 550.00 | Falgun 2076 | 136.00 |
| Kartik, 2074 | 499.00 | Chaitra, 2076 | 127.00 |
| Mangsir, 2074 | 490.00 | Asadh, 2077 | 108.00 |
| Poush, 2074 | 425.00 | Shrawan, 2077 | 112.00 |
| Magh, 2074 | 375.00 | Bhadra, 2077 | 156.00 |
| Falgun, 2074 | 346.00 | Ashwin, 2077 | 193.00 |
| Chaitra, 2074 | 287.00 | Kartik, 2077 | 238.00 |




कम्पनीको परिचय पछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७६/०७७ को संचालक समितिको प्रतिवेदन सहित लेखापरिक्षण भएको वित्तीय विवरणहरू सभा समक्ष छलफल तथा अनुमोदनको लागि प्रस्ताव गर्दछु ।

## १. विगत वर्षको कारोबारको सिंहावलोकन

**कम्पनीको शेयर पूँजी तथा सञ्चिती:**

| विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७५/०७६ |
|---|---|---|
| शेयर पूँजी | १,१९,०७,००,०००.०० | १,१९,०७,००,०००.०० |
| जगेडा कोष तथा सञ्चित नाफा | १८२,८९०,५३२.०० | ७,४२,३१,०५७.०० |
| **जम्मा पूँजी** | **१,३७३,५९०,५३२.00** | **१,२६,४९,३१,०५७.00** |

**अपि पावर कम्पनी लिमिटेडको वित्तीय अवस्था निम्न अनुसर रहेको छ :**

| विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७५/०७६ | परिवर्तन % |
|---|---|---|---|
| नेपाल विद्युत प्रधिकरणलाई विद्युत बिक्री | ३२४,४३७,२५९ | १७८,७४०,०५९ | ८१.५१ |
| आयोजना संचालन खर्च | २०,०८२,२३९ | ९,७७९,८४४ | १०५.३४ |
| अन्य आम्दानी | ६८,२०३,३९९ | ८,३५७,४५२ | (१८.३९) |
| प्रशासनिक तथा अन्य खर्च | १५,०२८,९४२ | १०,२१०,३४१ | ४७.१९ |
| ब्याज, ह्रासकट्टी तथा कर अघिको नाफा | २८८,२३७,८१० | १६२,६८०,१३४ | ७७.१८ |
| कर अघिको नाफा | १०८,९६६,००३ | ७१,०३४,७६५ | ५३.४० |
| खुद मुनाफा (कर पछि) | १०८,६५९,४७४ | ७०,९२२,०१२ | ५३.२१ |
| अन्य कम्पनीमा लगानी | १३४,०३७,८६८ | १४४,१३४,१६८ | (७.००) |
| प्रतिशेयर आम्दानी रू. | ९.१३ | ५.९६ | ५३.१९ |
| कुल पूँजी (इक्विटी) | १,३७३,५९०,५३२ | १,२६४,९३१,०५७ | ८.५९ |

## २. कम्पनीको शेयर संरचना

अपि पावर कम्पनी लिमिटेडमा आयोजना प्रभावित क्षेत्रका प्रभावित शेयरधनीहरूको शेयर मिति २०७४ साल चैत्र ३ गतेबाट कर्मचारी एवम् सामुहिक लगानीकर्ता शेयरधनीहरूको शेयर मिति २०७५ साल भदौं २४ गतेबाट र संस्थापक शेयरधनीहरूको शेयर मिति २०७५ साल कार्तिक २४ गतेबाट विकि वितरण खुल्ला भई नेपाल स्टक एक्सचेन्जमा साधारण शेयर सरह कारोवार भई कम्पनीको आ.व. २०७६/०७७ को अन्त्यमा जम्मा शेयरधनीहरूको संख्या ११८,९८५ रहेको छ ।

## ३. कम्पनीको संस्थागत सुशासन

अपि पावर कम्पनी लिमिटेड असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । कम्पनीको उद्देश्य, दृष्टिकोण, लक्ष तथा मूल्य मान्यताहरूलाई पछ्याउने कममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न कम्पनी प्रयत्नरत् छ । यस कम्पनीले प्रत्येक वर्ष सञ्चालक समितिको काम कारवाही तथा यसको कार्य सम्पादन, आन्तरिक नियन्त्रण प्रणली एवम् जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी तवरबाट संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्बन्धि नियम तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मूल्य संरचना कम्पनीका कर्मचारी देखि सञ्चालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत हुने रहेका छन् । प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । कम्पनीको संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदन अलग्गै प्रकाशित गरिएको छ ।

## ४. कम्पनीको मानव संशाधन

कम्पनीको आ.व. २०७६/०७७ को अन्त्य सम्ममा ५ महिला कर्मचारीहरू सहित कुल कर्मचारीहरूको संख्या ४० रहेको छ । श्रम ऐन २०७४ ले निर्धारण गरेको नयाँ व्यवस्थाहरू समावेश गर्नका लागि कर्मचारी नियमावलीमा संशोधन गरिएको छ । सो ऐन अनुरूप श्रम सम्बन्ध समिति गठन गरिएको छ । यस समितिबाट कम्पनीको श्रम लेखापरिक्षण गर्ने तथा सो को प्रतिवेदन समेत जारी गरी श्रम कार्यालयमा पेश गर्ने कार्य भईरहेको छ ।

## ५. कम्पनीको संचालित, निर्माणाधीन तथा भावी आयोजनाहरू

### क) नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट)

अपि पावर कम्पनी लिमिटेडले प्रथम आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने नौगड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र ०२ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट सञ्चालन भएको यो नै प्रथम विद्युत आयोजना हो ।

नौगड गाउँपलिका वडा नं. ०६, सुकेखोला स्थित कम्पनीले बाँध निर्माण गरी करिब ४.७ किलोमिटर लामो २.१ मिटर ब्यासको पेनस्टक पाईपको सहायताले नौगड नदीको पानी फँकाइ शैल्यशिखर नगरपालिका वडा नं. ०२, देथलाम स्थित विद्युत गृह निर्माण गरी आयोजनाले निरन्तर विद्युत उत्पादन गरिरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत ५ किलोमिटर लामो ३३ के.भि. ट्रान्मिसन लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको बलाँच सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाईनमा विद्युत प्रवाह भईरहेको छ ।

यस आयोजनाको वित्तीय व्यवस्थापन नेपाल बैंक लिमिटेडको अगुवाईमा वित्तिय संस्थाहरूको सह-वित्तीयकरण (Consortium) बनाई लगानी गरिएको छ । हाल यस आयोजनाको सिभिल, हाड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकलमा मर्मत संम्भारको कार्यहरू भएको छ ।

यस आयोजनाको कुल लागत रू. १५१ करोड रहेको छ । जसमा रू. ५१.३ करोड बराबरको बक्यौता बैंक ऋण श्री नेपाल बैक लिमिटेडको अगुवाईमा स्थापित वित्तीय व्यवस्थापनमा रहेका बैंकहरूमा रहेको छ । कम्पनीले आ.व. २०७६/०७७ मा यस आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकलमा मर्मत संम्भारको कार्यहरू गरेको छ । आयोजनाको मर्मत कार्य गर्दा श्री नेपाल बैंक लिमिटेडको अगुवाईमा स्थापित वित्तिय व्यवस्थापनमा रहेका बैंकहरूसंग थप रू. ५.१७ करोड बराबरको थप बैंक ऋण लिईएको छ ।

Naugarh Gad Hydroelectric Project (8.5 MW) Generation F.Y. 2076/077

| Invoice | Month | Days | Contract Energy (kWh) | Generated Energy (kWh) | Generated Energy % |
|---|---|---|---|---|---|
| 48 | 2076 Shrawan | 31 | 6010330 | 4889390 | 81.35 |
| 49 | 2076 Bhadra | 31 | 6010330 | 5378890 | 89.49 |
| 50 | 2076 Ashwin | 31 | 6010330 | 3990880 | 68.61 |
| 51 | 2076 Kartik | 30 | 5816448 | 3663410 | 62.98 |
| 52 | 2076 Mangsir | 29 | 3436707 | 2724190 | 79.27 |
| 53 | 2076 Poush | 30 | 2948177 | 2127450 | 72.16 |
| 54 | 2076 Magh | 29 | 2564546 | 2207400 | 86.07 |
| 55 | 2076 Falgun | 30 | 2666632 | 2262300 | 84.84 |
| 56 | 2076 Chaitra | 30 | 2644500 | 2695970 | 101.95 |
| 57 | 2077 Baisakh | 31 | 3112552 | 2770920 | 89.02 |
| 58 | 2077 Jestha | 32 | 4510176 | 2281090 | 50.58 |
| 59 | 2077 Asadh | 32 | 6204211 | 4831220 | 77.87 |
| | | **Total** | **51934939** | **39823110** | |

### ख) अप्पर नौगड गाढ जलविद्युत आयोजना (८ मेगावाट)

यस अपि पावर कम्पनी लिमिटेडले व्यवसाय विस्तार गर्दै जाने उद्देश्य अनुसार दाश्रो आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई बहने नौगड नदीकै पानी उपयोग गरी ८ मेगावाट क्षमताको अप्पर नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ ।

नौगड गाउँपालिका वडा नं. ०५, चिउँरीबगर स्थित कम्पनीले बाँध निर्माण गरी करिब ५.५ किलोमिटर लामो १.८ मिटर ब्यासको पेनस्टक पाईपको सहायताले नौगड नदीको पानी फर्काइ नौगड गाउँपलिका वडा नं. ०६, सुकेखोला स्थित विद्युत गृह निर्माण गरी आयोजना सम्पन्न गरी विद्युत उत्पादन गरिरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत ९ किलोमिटर लामो ३३ के.भि. ट्रान्मिसन लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको बलाँच सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाईनमा विद्युत प्रवाह भईरहेको छ ।

यस आयोजनाको वित्तीय व्यवस्थापन नेपाल बैंक लिमिटेडको अगुवाईमा वित्तिय संस्थाहरूको सह-वित्तीयकरण (Consortium) बनाई लगानी गरिएको छ ।

यस आयोजनाको कुल लागत रू. १६० करोड रहेको छ । जसमा हाल रू. ११६.८ करोड बराबरको बक्यौता बैंक ऋण श्री नेपाल एसबिआई बैंक लिमिटेडको अगुवाईमा स्थापित वित्तीय व्यवस्थापनमा रहेका बैंकहरूसँग बाट तथा रू. ४२ करोड कम्पनीका शेयरधनीहरूको लगानीबाट भएको छ ।

Upper Naugarh Gad Hydroelectric Project (8.0 MW), Generation F.Y. 2076/77

| Invoice | Month | Days | Contract Energy (kWh) | Generated Energy (kWh) | Generated Energy % |
|---|---|---|---|---|---|
| 1 | 2076 Kartik | 30 | 5385956 | 1702316 | 31.61 |
| 2 | 2076 Mangsir | 29 | 4361601 | 2814080 | 64.52 |
| 3 | 2076 Poush | 30 | 3435693 | 2020340 | 58.80 |
| 4 | 2076 Magh | 29 | 2745263 | 1947400 | 70.94 |
| 5 | 2076 Falgun | 30 | 2776882 | 2100330 | 75.64 |
| 6 | 2076 Chaitra | 30 | 2459275 | 2632070 | 99.53 |
| 7 | 2077 Baisakh | 31 | 2463233 | 2654790 | 107.78 |
| 8 | 2077 Jestha | 31 | 2632484 | 2091940 | 76.98 |
| 9 | 2077 Asadh | 32 | 5745020 | 3414370 | 59.43 |
| | **Total** | | **32005407** | **21377636** | |

## ग) माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट)

अपि पावर कम्पनी लिमिटेडले तेश्रो जलविद्युत आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्लामा नै अपि हिमाल गाउँपालिका तथा मार्मा गाउँपालिका भई बहने चमेलियम नदीमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्य गरिरहेको छ । यस आयोजनाको विद्युत खरिद बिक्री सम्झौता मिति २०७५ साल फाल्गुण १५ गते नेपाल विद्युत प्राधिकरणसंग सम्पन्न भएको छ । नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग मार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र समेत कम्पनीले प्राप्त गरेको छ ।

अपि हिमाल गाउँपालिकाको ओखल भन्ने स्थानमा यस आयोजनाको बाँध बनाई ६ किलोमिटर लामो ३.२ ब्यासको पेनस्टक पाईपको सहायताले चमेलिया नदीको पानी फकाइ मार्मा गाउँपालिकाको घट्टेगाढ भन्ने स्थानमा विद्युत गृह निर्माण गरी ४० मेगावाट क्षमताको विद्युत उर्जा उत्पादन गरी १६ किलोमिटर लामो १३२ के.भि. ट्रान्समिसन लाईनमार्फत नेपाल विद्युत प्राधिकरणको बलाँच सवस्टेशन ल्याई राष्ट्रिय ग्रिडमा जडान गरिनेछ । यस आयोजनाबाट वार्षिक २६ करोड ४१ लाख युनिट विद्युत उत्पादन हुनेछ । उत्पादित विद्युत मध्ये ३७ प्रतिशत हिउँदका ६ महिनामा र बाँकी ६३ प्रतिशत वर्षाका ६ महिनामा उत्पादन हुनेछ । यस आयोजनाको विद्युत विक्रिबाट वार्षिक १६२ करोड आय आर्जन हुनेछ । यस आयमा वार्षिक ३ प्रतिशतका दरले ८ वर्षसम्म बृद्धि हुँदै जानेछ ।

यस आयोजना निर्माणका लागि जम्मा रू. ७४० करोड लगानी लाग्ने अनुमान छ । यसको ३० प्रतिशतले हुने रू. २२२ करोड शेयरधनीहरूको लगानी र बाँकी रू. ५१८ करोड रकम श्री हिमालयन बैंक लिमिटेडको अगुवाईमा अन्य बैंक तथा वित्तिय संस्थाहरूको सह-वित्तीयकरण (Consortium) बैंक ऋण प्रवाह गर्नेगरी वित्तीय व्यवस्थापन सम्झौता मिति २०७७ साल आश्विन ११ गतेका दिन सम्पन्न गरिएको छ । यस सह-वित्तीयकरणमा श्री हिमालयन बैंक लिमिटेडको नेतृत्वमा बैंक तथा वित्तीय संस्थाहरू क्रमशः श्री कर्मचारी संचय कोष, श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, श्री नेपाल बैंक लिमिटेड, श्री सेञ्चुरी कमर्सियल बैंक लिमिटेड तथा श्री नेपाल बङ्गलादेश बैंक लिमिटेडको सहभागिता रहन्छ । शेयरधनीहरूको लगानी हुने रू. २२२ करोड अपि पावर कम्पनीबाट जारी गरिने हकप्रद शेयर निष्काशनबाट परिपुर्ति गरिने जानकारी यहाँहरू समेक्ष जानकारी गराइन्छ । हाल यस आयोजनाको निर्माण कार्य द्रुत गतिमा भईरहेको छ । आयोजनामा आवश्यक कर्मचारी आवास निर्माण तथा लेवर आवास निर्माणको कार्य भईरहेको छ । आयोजना निर्माणका लागि अत्यावश्यक विद्युतीय लाईन विस्तार तथा निर्माण सामाग्रीहरू जस्तै बालुवा तथा ढुङ्गाको उत्खनन् गरी संकलन कार्य भई क्रसर प्लान्ट स्थापन गरी प्रशोधन गर्ने कार्य भईरहेको सम्पूर्ण सबैमा जानकारी गराइन्छ । यस आयोजनाको विद्युत बिक्री बापत प्राप्त आयबाट शेयरधनी महानुभावहरूलाई वार्षिक रूपमा लाभांश उपलब्ध गराइने छ ।

Upper Chameliya Hydroelectric Project (40MW), Energy Generation Table

| Nepali Months | Days | River Discharge (m3/sec) | Discharge for Power Generation (m3/sec) | Net Head | Monthly Efficiency | Monthly Power (kW) | Max Power (kW) | Monthly Generation Before Outage & Losses (kWh) | Outage Including Losses (kWh) | Contract Energy (KWh) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Baisakh | 31 | 16.66 | 15.39 | 198.76 | 88.35% | 26,777 | 39,958 | 19,722,831 | 788,913 | 18,933,918 |
| Jestha | 31 | 26.02 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 29,431,674 | 1,177,267 | 28,254,407 |
| upto 15 | | | | | | | | | | 13,671,487 |
| 16 onward | | | | | | | | | | 14,582,920 |
| Ashad | 32 | 56.50 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 30,381,082 | 1,215,243 | 29,165,839 |
| Shrawan | 31 | 85.46 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 29,431,674 | 1,177,267 | 28,254,407 |
| Bhadra | 31 | 82.03 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 29,431,674 | 1,177,267 | 28,254,407 |
| Ashwin | 31 | 50.70 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 29,431,674 | 1,177,267 | 28,254,407 |
| Kartik | 30 | 27.29 | 23.47 | 194.48 | 88.35% | 39,958 | 39,958 | 28,482,265 | 1,139,291 | 27,342,974 |
| Mangsir | 29 | 17.66 | 16.39 | 198.32 | 88.35% | 28,451 | 39,958 | 19,604,188 | 784,168 | 18,820,021 |
| upto 15 | | | | | | | | | | 9,734,493 |
| 16 onward | | | | | | | | | | 9,085,527 |
| Poush | 30 | 14.37 | 13.10 | 199.65 | 88.35% | 22,894 | 37,496 | 16,319,080 | 652,763 | 15,666,317 |
| Magh | 29 | 12.72 | 11.44 | 200.20 | 88.35% | 20,057 | 32,695 | 13,820,225 | 552,809 | 13,267,416 |
| Falgun | 30 | 12.73 | 11.46 | 200.20 | 88.35% | 20,081 | 31,743 | 14,313,962 | 572,558 | 13,741,403 |
| Chaitra | 30 | 13.13 | 11.86 | 200.07 | 88.35% | 20,769 | 30,884 | 14,804,255 | 592,170 | 14,212,085 |
